आज मिति २०८२/०२/२८ गते बिहान ८:०० बजे रिब्दीकोट गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री नारायण बहादुर कार्कीको अध्यक्षता र तपसिलको उपस्थितिमा बसी देहाय अनुसार निर्णय गरियो।

**उपस्थिति :**

१. अध्यक्ष श्री नारायण बहादुर कार्की
२. उपाध्यक्ष श्री कान्ता अधिकारी
३. प्रबक्ता तथा वडा अध्यक्ष, वडा नं. ६ श्री प्रकाश रायमाझी
४. वडा अध्यक्ष, वडा नं. १ श्री चिरन्जीवी पोखरेल
५. वडा अध्यक्ष, वडा नं. २ श्री ओम प्रसाद पोखरेल
६. वडा अध्यक्ष, वडा नं. ३ श्री नारायण बहादुर के.सी.
७. वडा अध्यक्ष, वडा नं. ४ श्री सोम बहादुर कार्की
८. वडा अध्यक्ष, वडा नं. ५ श्री मन बहादुर अस्लामी
९. वडा अध्यक्ष, वडा नं. ७ श्री दान बहादुर कुँवर
१०. वडा अध्यक्ष, वडा नं. ८ श्री चुरा बहादुर छहरी मगर
११. कार्यपालिका सदस्य श्री मीना राना
१२. कार्यपालिका सदस्य श्री रन्जना खनाल आचार्य
१३. कार्यपालिका सदस्य श्री गोमा थापा
१४. कार्यपालिका सदस्य श्री शर्मिला नेपाली
१५. कार्यपालिका सदस्य श्री गीता कौशल
१६. कार्यपालिका सदस्य श्री सुनिल बश्याल
१७. सदस्य सचिव श्री मणि प्रसाद खनाल
१८. आमन्त्रित श्री रुक लाल भट्टराई, प्रशासन शाखा प्रमुख
१९. ,, Mr तेजेन्द्र लम्साल, लेखापाल

प्रस्तावहरु :

१. गाउँपालिकाको १८ औं अधिवेशन आव्हान सम्बन्धमा,

२. आगामी आ.व.को नीति तथा कार्यक्रम सम्बन्धमा,

३. वडास्तरीय योजना सम्बन्धमा,

४. विविध ।

निर्णयहरु:-

| सि.नं | विषयगत शाखा | निर्णय व्यहोरा | कैफियत |
|---|---|---|---|
| १. | प्रशासन | गाउँ सभाको १८औं अधिवेशन मिति २०८२।०३।०५ गते विहान ११:०० बजे देखि गाउँपालिकाको सभाहलमा संचालन गर्ने। | |
| २. | प्रशासन | आगामी आ.व. २०८२।०८३ को नीति तथा कार्यक्रमको प्रारम्भिक मस्यौदा सबै सदस्यहरुलाई वितरण गरियो । सबै सदस्यहरुले उक्त मस्यौदा अध्ययन गरी थपघट गर्नु पर्ने कुनै विषय भए मिति २०८२।०३।०३ गते भित्र कार्यालयमा पेश गर्ने तथा गाउँपालिकाले अवलम्बन गर्ने नीति, कार्यक्रम तथा बजेटमा समावेश गर्नु पर्ने विषयबस्तुहरु मिति २०८२।०३।०३ गते भित्र विद्युतीय माध्यम (गुगोल फर्म लिंक वा गाउँपालिकाको इमेल) बाट कार्यालयमा पेश गर्न पालिकाका सबै राजनैतिक दलहरु, जनप्रतिनिधिहरु, पूर्व जनप्रतिनिधिहरु, सरकारी/गैर सरकारी कार्यालयहरु, समस्त गाउँपालिकावासी एवं सरोकारवालाहरु सबैलाई सार्वजनिक सुचना मार्फत अनुरोध गर्ने। | |
| ३. | योजना | सबै वडा अध्यक्षहरुले आफ्नो वडास्तरीय योजनाहरु मिति २०८२।०३।०३ गते भित्र कार्यपालिकाको कार्यालयमा पेश गर्ने। | |
| ४. | विविध | (क) रिब्दीकोट गाउँपालिका वडा नं ७, मैनादीमा हाल मैनादी सामुदायिक स्वास्थ्य इकाई संचालन भइरहेको, यस वडा भौगोलिक रुपमा टाढा-टाढा सम्म फैलिएर रहेको जनसंख्याको Catchment | |

| | | | |
|---|---|---|---|
| | | Area समेतका हिसाबले जनताको आधारभूत स्वास्थ्य सेवा सुविधा नजिकको स्वास्थ्य संस्था मार्फत पाउनुपर्ने मान्यता समेतलाई अंगिकार गर्दै यस अघि नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वास्थ्य सेवा विभागबाट उक्त ठाउँमा सामुदायिक स्वास्थ्य इकाई स्थापना गर्न स्वीकृत भई आएको अवस्था समेतलाई मध्यनजर गर्दा सेवाग्राहीको पायक पर्ने स्थानबाट स्वास्थ्य संस्था संचालन गर्न उचित हुने देखिएकोले नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा संचालन सम्बन्धी कार्यविधि, २०७५ (पहिलो संशोधन २०८१) बमोजिम यस ठाउँमा सामुदायिक स्वास्थ्य इकाई संचालन गर्न आवश्यक देखिएकोले रिब्दीकोट गाउँपालिका वडा नं ७, मैनादीमा सामुदायिक स्वास्थ्य इकाई र यसको लागि आवश्यक भौतिक पूर्वाधार भवन तथा अन्य संरचना समेत निर्माण गर्न यस क्षेत्रका जग्गाधनी श्री शोभाखर नेपालले आफ्नो स्वामित्वमा रहेको कुनै विवाद नभएको साविक मुझुङ्ग ७, कित्ता नं. ७७ क्षेत्रफल ८-१०-१-२ बाट दक्षिणतर्फ नापी कार्यालयबाट प्राप्त संलग्न ट्रेसनक्शा बमोजिमको १ रोपनी जग्गा र उक्त जग्गामा रहेको सामुदायिक स्वास्थ्य इकाईको भवन समेत यस गाउँपालिकालाई निःशुल्क दानपत्रको रुपमा उपलब्ध गराउन मिति २०८२।०२।२६ मा मन्जुरीनामा दिएकोले निजको मन्जुरीनामा बमोजिम उक्त जग्गा र जग्गामा रहेको भवन समेतको संरचना प्राप्ति गर्नका लागि सरकारी जग्गा उपभोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ (पहिलो संशोधन सहित २०८२) बमोजिमको समितिमा सिफारिश गरी पठाउने। | |

CamScanner